चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८१/०९/२३
बैठक संख्या : छैठौं (२०८१/०८२)

चन्द्रकोट गाउँपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

आज मिति २०८१ साल पौष २३ गते मंगलवारका दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक वसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

उपस्थिति

| सि.नं. | पदाधिकारीकोनामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा, वडाअध्यक्ष (प्रवक्ता) | |
| ४. | श्री कमल के.सी. | २ नं. वडा,वडाअध्यक्ष | |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडाअध्यक्ष | |
| ६. | श्री बल बहादुर बस्नेत | ४ नं. वडा, वडाअध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५ नं. वडा, वडाअध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा, वडाअध्यक्ष | |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा, वडाअध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा, वडाअध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री विष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्ष्मिमा अर्याल | कार्यपालिका सदस्य | |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | |
| १७. | श्री बुद्ध प्रकाश पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | श्री बसन्त रिजाल | लेखा अधिकृत | |
| १९. | श्री प्रकाश पन्थी | योजना अधिकृत | |
| २० | श्री युवराज पौडेल | अ.ले.प. | |

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८१/०९/२३
बैठक संख्या : छैठौं (२०८१/०८२)

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा।

२. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा।

३. समपुरक र बिशेष योजना छनौट सम्बन्धमा।

४. विविध।

क. नगरप्रहरीहरुको पारिश्रमिक निर्धारण सम्बन्धमा।

ख. आ.व.८२/८३ को आय-व्यय अनुमोदन सम्बन्धमा।

ग. आ.व.२०८०/८१ को म.ले.प. प्रतिबेदन छलफल सम्बन्धमा।

घ. न्यायिक समितिको उजुरी कारबाही किनारा गर्दा अपनाउनुपर्ने ऐन संसौधन सम्बन्धमा।

ङ. स्थानीय तह संस्थागत क्षमता मुल्याङ्कन (LISA) र स्थानीय तह बित्तिय जोखिम मूल्याङ्कन (FRA) को नतिजा सम्बन्धमा।

**निर्णयहरु :**

१. प्रस्ताव नं.१ उपर छलफल गर्दा यस कार्यपालिकाको अघिल्लो बैठक पश्चात भएका विभिन्न गतिबिधिहरुबारे समिक्षा गरियो। साथै यस अघि गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुलाई क्रमश: कार्यन्वयन गर्दै प्रभावकारी सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणका कार्यहरु संचालन गर्ने। यसैगरी आउदै गरेको गाउँसभाको तयारीका लागि गाउँपालिकाका विभिन्न शाखाहरु तथा वडा कार्यालयहरुमा कार्यरत कर्मचारीलाई प्रमुख प्रशासकिय अधिकृत मार्फत गाउँसभा तयारीका लागि क्रियाशिल बनाउने।

२. प्रस्ताव नं.२ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिका गुल्मीको गाउँसभाको सोह्रौं अधिवेशन तयारीका सम्वन्धमा गाउँ कार्यपालिकाको पाचौं बैठकबाट भएको निर्णयअनुसार विषयगत शाखा तथा वडाहरुवाट केहि आवश्यक योजना तथा कार्यक्रमहरु संसोधन गर्नुपर्ने भएमा वडासमिति तथा विषयगत समितिको निर्णयसहित २०८१ पौष २२ गतेसम्म माग गरिएकोमा देहाय बमोजिमको योजना तथा कार्यक्रमहरुको संसोधन प्रस्ताब पेश भएकोमा सो प्रस्ताबहरुमा छलफल गरी आगामी गाउँ सभा अधिवेशनमा संसोधन विधेयकका रुपमा पेश गर्ने निर्णय गरियो।

देहाय:

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

युद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत